# मठमन्दिरमा माग्नेहरु सम्बन्धी गरिएको अध्ययन प्रतिबेदन

## भूमिकाः-

नेपाल एक विकाशउन्मूख देश भएकाले यहाँ विभिन्न समस्याहरु देख्न सकिन्छ । यहाँ राम्रो रोजगारी तथा पेशाको व्यवस्था नहुनाले मानिसहरु विभिन्न धार्मिक तिर्थस्थलहरुमा माग्न बस्न बाध्य भएको देख्न सकिन्छ । यसरी विभिन्न धार्मिक स्थल तथा मठ मन्दिरमा माग्न बस्नेहरुमध्ये पनि वृद्धहरुको संख्या बढ्दो क्रममा देखिन्छ । समाज तथा परिवारमा विभिन्न योगदान पुऱ्याएता पनि उनीहरुले सम्मानपूर्वक जीवन व्यथित गर्न पाइरहेका छैनन् । जीवनको विभिन्न पाइलाहरुमा समाज र राष्ट्रमा योगदान पुऱ्याएता पनि जीवनको उत्तरार्द्धमा आइपुग्दा उनीहरुले विभिन्न दुःख र पीडादायक जीवन व्यथित गर्न बाध्य भएका छन् । यस्ता व्यक्तिहरुको हक र अधिकारकालागि विभिन्न संघ संस्थाहरुले पहल गरेता पनि उनीहरुको स्थितिमा उल्लेख्य सुधार भएको छैन ।

ज्येष्ठ नागरिक ऐन २०६३ र नियमावली २०६५ ले पनि ज्येष्ठ नागरिकले सम्मानपूर्वक जीवन व्यथित गर्न पाउनुपर्ने अधिकार सुनिश्चित गर्ने प्रयास गरेको छ । तर पनि नेपालका विभिन्न मठमन्दिर तथा धार्मिक केन्द्रहरुमा माग्न बसेका व्यक्तिहरु देख्न पाइन्छ । यसरी माग्न बस्नेहरुको छुट्टै तथ्यांक तथा यिनीहरुको यस्ता ठाउँमा बस्नुपर्ने अवस्था बाध्यताको विषयमा त्यत्ति अध्ययन भएको देखिदैन । यस मन्त्रालयको कार्य क्षेत्रमा पर्ने ज्येष्ठ नागरिकहरुलाई सम्मानपूर्वक बाँच्न, समुदायमा पुर्नस्थापना गर्न र यीनीहरुको ज्ञान सीप नयाँ पुस्तामा हस्तान्तरण गर्न यस्ता समुदायको अध्ययन गर्न जरुरी रहेको अवस्थामा यस मन्त्रालयको कार्यक्रममा यस्ता समुदायको समेत अध्ययन गर्ने प्रयास गरिएको छ ।

## अध्ययनको उद्देश्यः-

यस कार्यक्रमको मुख्य उद्देश्य मठ मन्दिरमा माग्न बसेकाहरुको आर्थिक र सामाजिक पक्षको अध्ययन गर्नु हो भने यस अध्ययनको विशिष्ट उद्देश्यहरु निम्नअनुसार रहेका छन् ।

१. मठ मन्दिरमा माग्न बसेका, अलपत्र परेकाहरु सम्बन्धमा विस्तृत अध्ययन गर्ने,

२. यस्ता व्यक्तिहरुको स्वास्थ्य, शिक्षा, जिविकोपार्जन, सामाजिक पक्ष तथा परिवारबाट अलग रहनुको कारणबारे अध्ययन गर्ने ।

## अध्ययनको सिमाः-

यस अध्ययनले केही मठ मन्दिर तथा धार्मिक तिर्थस्थलहरुमा माग्न बसेका व्यक्तिहरुको मात्र अध्ययन गरेको छ । अतः यस अध्ययनले नेपालका सम्पूर्ण मठ मन्दिरमा माग्न बसेका व्यक्तिहरुको प्रतिनिधित्व नगर्न सक्दछ, तर मठ मन्दिरमा माग्न बस्नेहरुको सामाजिक, आर्थिक लगायतका विषयमा दिशा निर्देश भने गर्ने नै छ ।

**अध्ययनको विधिः-**

**१) अवलोकन तथा निरिक्षणः-**

अध्ययनको क्रममा विभिन्न मठ मन्दिरमा माग्न बसेका व्यक्तिहरुको अवलोकन गरिएको थियो । अवलोकनबाट पनि त्यहाँ रहेका व्यक्तिहरुको भौतिक, आर्थिक, सामाजिक, पारिवारिक तथा मानसिक अवस्थाका विवरणहरु संकलन गरिएको थियो ।

**२) पिडितहरुसँगको अन्तरक्रियाः-**

यस अध्ययनको क्रममा विभिन्न मठ मन्दिरमा माग्न बसेका व्यक्तिहरुसँगको अन्तरक्रियाबाट पनि उनीहरुको बारेमा सर्वेक्षण गरिएको थियो । साथै प्रश्नावलीको सहायताबाट पनि उनीहरुको व्यक्तिगत जीवनको बारेमा बुझ्ने प्रयास गरिएको थियो ।

**३) जानकार व्यक्तिहरुसँग अन्तरक्रियाः-**

यस अध्ययनको क्रममा मठ मन्दिर नजिक रहेका विशिष्ट व्यक्तिहरु, मन्दिर विकास समितिका व्यक्तिहरुसँगको अन्तरक्रियाबाट पनि यस अध्ययनमा टेवा पुगेको छ । विभिन्न जानकार व्यक्तिहरुले त्यहाँ माग्न बस्ने व्यक्तिहरुको पिडाको बारेमा दिएको जानकारी हाम्रो अध्ययनको लागि प्रभावकारी बन्यो ।

४) माग्न बस्नेहरुसँगको अन्तरर्वाता :-

यस अध्ययनमा उपत्यका र उपत्यका बाहिर गरी जम्मा ६५ जना माग्न बस्ने व्यक्तिहरुसँग अन्तरवार्ता लिईएको थियो । अध्ययन कार्यदलले निर्माण गरेका प्रश्नावलीमा गणकहरु कार्यक्षेत्रमा गई प्रत्यक्ष अन्तरर्वाताको रुपमा तथ्यांक संकलन गरिएको । प्रश्नावलीको नमुना अनुसूची १ मा संलग्न छ ।

तलिका न. २ : जातजाति अनुसारको वर्गिकरण

| क.सं. | जातजाति | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ब्राम्हण | ११ | १६.९२ |
| २ | मधेशी | १७ | २६.१५ |
| ३ | जनजाती | १७ | २६.१५ |
| ४ | दलित | ७ | १०.७८ |
| ५ | अन्य | १३ | २० |
|  | जम्मा | ६५ | १०० |

जातजाति अनुसारको वर्गिकरण गरी हेर्दा सबै भन्दा कम दलित समूदायबाट  माग्न बसेको पाइयो भने सबैभन्दा बढि मधेशी समूदाय र जनजाती समूदायबाट क्रमश २६.१५ र २६.१५ प्रतिशत माग्न बसेको पाइयो ।

तलिका न.३ : . वैवाहिक स्थिति

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | विवाह नभएको | ११ | १६.९३ |
| २ | विवाह भएको | ५४ | ८३.०७ |
| ३ | विधवा | ०० | ०० |
| ४ | पारपाचुके | ०० | ०० |
| ५ | अन्य | ०० | ०० |
| | जम्मा | ६५ | १०० |

वैवाहिक स्थिति अनुसार अध्ययन गर्दा विवाह नभएको भन्दा विवाह भएका ब्यक्तिहरुको बाहुल्यता रहेको पाइयो जसमा विवाह भएका ब्यक्तिहरु ८३.०७ प्रतिशत रहेको पाइयो । चाखलाग्दो विषयका रुपमा ११ प्रतिशत विवाह नभएका समेत माग्न बसेको देखियो ।

तलिका न. ४ : बालबच्चा सम्बन्धी विवरण

| क्र.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | बच्चा नभएको | २२ | ३३.८४ |
| २ | १ भएको | ९ | १३.८५ |
| ३ | २ भएको | ११ | १६.९२ |
| ४ | ३ भएको | ९ | १३.८५ |
| ५ | ३ भन्दा माथि | १४ | २१.५३ |
| | जम्मा | ६५ | १०० |

बालबच्चा सम्बन्धी विश्लेषण गर्दा बच्चा नभएका ३३.८४ प्रतिशत माग्न बसेका देखिए भने ३ भन्दा बढि बच्चा भएका २१.५३ प्रतिशत रहेको देखियो ।

तलिका न.५ :माग्न आउनुको कारण

| **क्र.सं.** | **विवरण** | **संख्या** | **प्रतिशत** |
|---|---|---|---|
| १ | गरीबी | २२ | ३३.८४ |
| २ | बालबच्चा सम्बन्धी विवरण | १८ | २७.६९ |
| ३ | घरमा बस्ने बाताबरण नभएर | ७ | १०.७८ |
| ४ | स्बास्थ्यको कारण | १८ | २७.६९ |
| | जम्मा | ६५ | १०० |

माग्न बस्नुको के कारण हो भनि सोधिएको प्रश्नलाइ बिश्लेषण गर्दा सबभन्दा गरीवीको कारण ( ३३.८४%) माग्न बसेको हो भन्नेहरु रहेको थियो भने स्वास्थ्यको र असहाय भएर माग्न बसेको भन्नेहरुको प्रतिशत क्रमशः २७.६ र २७.६९ पाइयो । घरमा बस्ने बाताबरण नभएर भन्नेहरु पनि १०.७८ प्रतिशत थिए ।

तलिका न.६ :माग्नेको रुपमा बसेको अवधि

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | ५भन्दा कम | ३० | ४६.१५ |
| २ | ६-१० | १७ | २६.१५ |
| ३ | ११-२० | १४ | २१.५४ |
| ४ | २१+ | ४ | ६.१६ |
|  | जम्मा | ६५ | १०० |

माग्न बसेका ५ बर्ष भन्दा कम अवधि भएका ४६.१५ प्रतिशत थिए भने भने बिगत २० बर्ष भन्दा बढि अवधि देखि माग्न बस्नेहरु ६.१६ प्रतिशत रहेका थिए ।

तलिका न. ७: . :माग्नेको रुपमा क्षेत्रगत बिबरण

| क.सं. | विवरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | हिमाल | ०० |  |
| २ | पहाड | ३० | ४६.१५ |
| ३ | तराइ | २५ | ३८.४६ |
| ४ | अन्य देश | १० | १५.३९ |
|  | जम्मा | ६५ | १०० |

क्षेत्रगत बिबरणको आधारमा विश्लेषण गर्दा हिमाली क्षेत्रबाट माग्न बस्नेहरु नभएको पाइयो भने तराइबाट ३८.४६ प्रतिशत पाइयो । त्यसैगरी पहाडी जिल्लाबाट प्रतिशत सबैभन्दा बढि (४६.१५%) पाइयो । यस अध्ययनमा माग्न बस्नेमा भुटानी र भारतीय ब्यक्तिहरु समेत भेटिएका थिए, जसको प्रतिशत १५ प्रतिशत भन्दा बढी रहेको देखिएको छ ।

तलिका न. ८: माग्नेहरुले दैनिक कमाउनेको बिबरण

| क.सं. | बिबरण | संख्या | प्रतिशत |
|---|---|---|---|
| १ | रु १५० सम्म | १८ | ५६.३ |
| २ | रु १५१ देखि माथी | १४ | ४३.८ |
| जम्मा |  | ३२ |  |

यस सर्वेक्षणमा ब्यक्तिगत प्रश्नाबलीको आधार लिइएको थियो जसमा ३२ जना माग्नेहरु समाबेश भएका थिए । जसमा दैनिक रु १५० सम्म कमाउनेको प्रतिशत ५६.३ रहेको थियो भने रु १५१ देखि रु ५०० कमाउने ४३.८% रहेका थिए ।

समाजमा योगदान पुऱ्याएका व्यक्तिहरुले जीवनको उत्तरार्द्धमा समेत सम्मान पूर्वक बाँच्न पाउनुपर्ने हक र अधिकार भएतापनि मठ मन्दिरमा मागेर जीविकोपार्जन गर्न बाध्य भएका छन् ।

सामान्य जीवन बिताइरहेका मानिसहरु विभिन्न कारणबाट मागेर खान बाध्य भएको अवस्था हामीमाझ विद्यमान रहेको छ । मुख्यतय उनीहरु लोग्नेले निकालेर, काम गर्न नसकेर, छोरा छोरीले नहेरेर, अपाङ्ग भएर, गरिबीको कारण मागेर खान बाध्य भएका छन् ।

यस मन्त्रालयको कार्यक्षेत्रमा पर्ने यस्ता मागेर जीविकोपार्जन गर्ने व्यक्तिहरुको सामाजिक, आर्थिक, मानसिक, शारिरीक अवस्थाको अध्ययन गरेको छ । यसरी माग्न बस्ने व्यक्तिहरुलाई प्रत्यक्ष भेटेर, प्रश्नावलीको माध्यमबाट उनीहरु माग्न बस्नुको कारण दैनिक आर्जन गर्ने कमाइ, उनीहरुको बासस्थान साथै उनीहरुको पारिवारिक जानकारी लिइएको थियो ।

**निष्कर्ष र सुझावः-**

मठ मन्दिरमा माग्न बस्नेहरु मुख्यतया गरिवीको कारणबाट माग्न वसेको देखिन्छ तथापि अधिकांश व्यक्तिहरु परिवार भएका र साँझ विहान परिवारमा नै वसेको देखिन्छ । कसै कसैको हकमा भने विरामीको कारण र शारीरिक अस्वस्थताको कारण काम गर्न नसकेर माग्न वसेको देखिन्छ । यसरी माग्न बसेकाहरु अधिकांशको दैनिक कमाइ रु. १५० देखि रु. ५०० सम्म हुने सर्वेक्षणबाट देखिएको छ । अपवादको रुपमा विशेष दिनमा भने दैनिक रु २,०००।- सम्म पनि कमाई हुने गरेको पाइयो । उनीहरु बेलुका मन्दिर, सडक, सार्वजनिक पाटी, भाडाको कोठा, पाल आदिमा वसेको देखियता पनि सरकारले पुनर्स्थापना गरि वृद्धाश्रम राखिदिने प्रस्ताव राख्दा अधिकांश बस्न तयार भएको देखिएन । केहि व्यक्तिहरुले भने सरकारले रासन र औषधी उपचारको व्यवस्था गरिदिनु पर्ने आसय राखेको पाइयो ।

अन्त्यमा विभिन्न कारण देखिएता पनि मानिसहरु माग्नेको रुपमा जीवन बिताउन बाध्यहुनुको मुख्य कारण गरिवि नै देखिएको छ ।

**सुझावहरुः-**

१. आर्थिक अवस्था मध्यम भएका समेत माग्न बस्ने गरेको देखिएकोले यसरी माग्न नवस्न सचेतनामूलक कार्यक्रम संचालन गर्ने,
२. मठ मन्दिर व्यवस्थापन समितिले समेत मठ मन्दिरमा माग्न बस्नेहरुको समुचित व्यवस्थापन गर्नुपर्ने,
३. विपन्न भएर माग्न बस्नेहरुको लागि आयआर्जन तथा वेसहारा तथा अशक्त भएर माग्नेहरुको हकमा भने ज्येष्ठ नागरिक आश्रममा समेत व्यवस्थापन गर्ने कार्यक्रम संचालन गर्ने ।